जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक १२ २०८० साल असोज २८ गते आइतवार (15 Oct 2023 Sunday) मूल्य रु. ७/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** संघीयता जोगाउने सम्पूर्ण भार ... **पृष्ठ ३ मा :** सामाजिक सञ्जालका अन्धभक्तबाट ... **पृष्ठ ४ मा :** कोशी पीडितहरुले पुनः ... **पृष्ठ ५ मा :** स्थानीय तहका कर्मचारीहरु ...

# चाड पर्वलाई लक्षित गर्दै प्रहरीको २३ बुँदे विशेष सुरक्षा योजना



**राजविराज**/चाड पर्वलाई लक्षित गरि सप्तरी प्रहरीले २३ बुँदे विशेष सुरक्षा योजना सार्वजनिक गरेको छ।

विशेष सुरक्षा योजनामा सूचना पाएको ५ देखी ७ मिनेट भित्र प्रहरी घटनास्थलमा पुग्ने, प्रमुख चौक र सीमानाकामा निगरानी बढाउने, यात्रु सहायता कक्षको स्थापना गर्ने र पैदल, साइकल, मोटरसाइकलबाट समेत २४ सै घण्टा गस्ती गर्ने लगायतका २३ बुँदे योजना समेटिएको छ।

प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्यले जिल्ला भर सादा पोशाकमा समेत गरि ६ सय ९० प्रहरी जनशक्ति परिचालन हुने जानकारी दिदै चाडपर्वका समयमा अरु बेला भन्दा बढी भिडभाड र आर्थिक कारोवार हुने भएकाले सुरक्षा व्यवस्थापन पनि त्यही अनुसार गर्न आवश्यक भएकाले २३ बुँदे सुरक्षा योजना बनाइएको जानकारी दिए।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले चाडपर्वमा यात्रुको आवागमन बढी हुँदा सार्वजनिक सवारीको भाडामा ठगिने, भिडभाडको मौका छोपेर लुटपाट, चोरी/डकौती हुने, मादक पदार्थको सेवन गरि सवारी चलाउने जस्ता गतिविधी नियन्त्रणका लागि प्रत्येक बस, माइक्रो, टेमपु लगायतका स्टेन्डमा यात्रु सहायता कक्ष स्थापना गरि सुरक्षाकर्मी तैनाथ गरिएको जानकारी दिए।

२३ बुँदे विशेष सुरक्षा योजनामा सवारी व्यवस्थापन, मदिरा नियन्त्रण, हेल्प डेस्कको स्थापना, मेला तथा धार्मिक स्थलमा निगरानी, बजार अनुगमन तथा सुरक्षा वयवस्थाका लागि रिजर्भ र स्टेन्डबाय टोलीको परिचालन लगायतका योजना समेटिएको उनको भनाई छ।

जिल्लाको ग्रामिण भेगमा समेत शान्ति सुरक्षाको प्रत्याभूती दिन विशेष सुरक्षा योजनामा विभिन्न योजना समेटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# महिलाहरु अझै उपेक्षित : सहमहामन्त्री डिना



**राजविराज**/नेपाली काँग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय "डिना" ले संविधानमा महिलालाई धेरै हकअधिकार दिएपनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलाहरु अझै उपेक्षित नै रहेको बताएकी छिन्।

नेपाल प्रेस युनियन सप्तरी शाखाद्वारा शनिबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले नेपालको संविधानले महिलालाई धेरै हकअधिकार दिएको तर, कार्यान्वयन पक्ष कमजोर हुँदा अपेक्षाकृत अधिकार महिलाले अझै पाउन नसकेको गुनासो पोखिन।

उनले संविधानमा भएको व्यवस्थालाई प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउन नेपाली काँग्रेसले पनि आफ्नो विधान संशोधन गरि महिला सहभागिता बढाउन आवश्यक पहल थालेको जानकारी दिँदै उक्त पहलले सार्थकर्ता पाउने विश्वास समेत व्यक्त गरिन्। उनले संविधानमा भएको महिला मैत्री व्यवस्थाहरुलाई कानुनको रुप दिन छिट्टै सदनमा प्रस्ताव लैजाने तयारी गरिएको जानकारी पनि दिइन्।

गठबन्धनको राजनीतिका कारण पनि निर्वाचनमा चाहे अनुसारको महिला उम्मेदवारी पर्न नसकि अवसरबाट बञ्चित हुने गरेको जिकिर गर्दै उनले आ-आफ्नो हैसियत अनुसार दलहरुले पनि उम्मेदवारी दिन सके महिलाप्रति न्याय हुने र महिला प्रतिनिधिको पनि उपस्थिति बढ्ने बताइन्।

पत्रकार सम्मेलनमा नेपाली काँग्रेसका प्रदेश सहमहामन्त्री बिन्दु यादव, निवर्तमान प्रदेश सभा सदस्य गिता यादव, जिल्ला सभापति रामदेव साह, उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल, नेपाल प्रेस युनियनका केन्द्रिय सदस्य मिथिलेश यादव लगायतकाको पनि उपस्थिति रहेको थियो।

**मंगलमय शुभकामना**

हिन्दुहरुको महान चाड वडा दशैं, दिपावली तथा छठ पर्व २०८० को शुभ उपलक्ष्यमा सम्पूर्ण ग्राहक, पाठक, शुभचिन्तक एवं बिज्ञापनदाताहरुमा सुस्वास्थ्य एवं दिर्घायुको मंगलमय शुभकामना व्यक्त गर्दछौं।



नवीन साप्ताहिक
परिवार

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

- लामखुट्टेको टोकाईबाट औंलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरीपरी पानी जम्न नदिऔं।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

लामखुट्टेको टोकाईबाट बचौ र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

**लक्षण**
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी**

## सम्पादकीय

### सीमित खर्चमै चाडपर्व मनाऔं

हिन्दूहरुको महान पर्व वडा दशैंमा आजदेखी सुरु भएको छ । यस पर्व निकै तामझामका साथ मनाउने चलन चलिआएको छ । तर, अहिले मुलुकको आर्थिक स्थिति र व्यक्तिको खर्च गर्ने हैसियतमै सीमित भएको छ । जसकारण पर्व सीमति खर्चमै मनाउनु वेश हुन्छ । दशैंमा बलि प्रदान गर्नका लागि महँगो मुल्यमा खसी बोका खरीद गरेर बलि दिने प्रचनलनले झनै आर्थिक भार बढाउने गर्दछ । मीठो खाने र नयाँ लगाउने पर्वका रुपमा दशैंलाई लिएर आफ्नो आर्थिक हैसियतभन्दा बढी खर्च गर्ने परम्परा बन्दै गएको छ । गरीब जनताले जेनतेन ऋण काढेर भए पनि दशैं मान्नुपर्ने बाध्यता छ । यसले गरीब नेपाली जनता झनै मारमा पर्दै गएका छन् ।

घटस्थापनाकै दिन जमरा छर्की देवीलाई आव्हान गरेर फलफूल, नैवेद्य, मिठाई चढाएर सात्विक पूजा गरिन्छ । राजसी पूजामा पशुबलि चढाईन्छ र तामसी पूजामा रक्सी र बलि दुवै चढाइन्छ । दशैंमा पशुबली होइन स्मार्तको बली प्रदान गरेर पूजा गर्ने बानी बसालौं । घिरौला, कुभिन्डो, लौका, नरीवल, बेल र उखुको प्रयोग गरी स्मार्त बलिद्वारा दशैंघर दैलोमा हल्ने प्रणको आवश्यकता छ । विविध धार्मिक कार्यमा पितृ र देवताले प्राप्त गरुन भनेर फल, पकवान, मिष्ठान र वस्त्र चढाउने चलन छ । त्यसलाई पनि बलि भनिन्छ । शक्ति संगमतन्त्रे ग्रन्थमा पशु बलिको सट्टा अर्पण गरिने फलफूल र पकवानको उल्लेख छ ।

चाड पर्वको बेला शाकाहारी भोजन गरेर मनाउनेतर्फ ध्यान दिन सकिए आर्थिक भार कम हुने विश्वास गर्न सकिन्छ । पूजालाई श्रद्धाका साथ मनाऔं, तामझाम गरेर देखावटी पूजाको अन्त्य गरिनु आवश्यक छ । तसर्थ आर्थिक बोझमा नडुबी सीमित खर्चमै चाडपर्व मनाउनेतर्फ आग्रसर होऔं ।

# संघीयता जोगाउने सम्पूर्ण भार मधेश प्रदेशलाई नै : जसपा नेता श्रेष्ठ

**राजविराज**/जनता समाजवादी पार्टीका कार्यवाहक अध्यक्ष राजेन्द्र श्रेष्ठले संघीयता जोगाउने सम्पूर्ण भार मधेश प्रदेशलाई नै रहेको बताएका छन् ।

प्रेस मञ्च नेपाल सप्तरीद्वारा सोमवार राजविराजमा आयोजित पत्रकार सम्मेलनमा कार्यवाहक अध्यक्ष श्रेष्ठले यस्तो बताएका हुन् । उनले मुलुकमा भएका ऐतिहासिक परिवर्तनको उपलब्धीलाई जोगाउने जिम्मा मधेश प्रदेश कै रहेको बताउँदै संघियता, धर्मनिरपेक्षता, समावेशिता जस्ता उपलब्धीलाई सुरक्षित राख्नु पर्नेमा जोड समेत दिए ।




पूर्वमन्त्रि समेत रहेका उनले राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ती पार्टी लगायतका नयाँ राजनीतिक दलहरुबाट पनि परिर्वतनको उपलब्धी सुरक्षित हुन नसक्ने दाबीका साथ उनले क्रान्तिभुमीका रुपमा परिचित मधेशले नै उपलब्धीलाई जोगाउन सक्ने बताए ।

जनता समक्ष परिवर्तनको प्रत्याभुती पुऱ्याउनका लागी स्थायी सरकारका रुपमा रहेको कर्मचारीतन्त्रलाई पनि परिवर्तन गर्नु पर्ने उनको सुझाव छ ।

गौर घट्ना माओवादी क्रान्तिको प्रतिक्रिया स्वरुप घटेको टिप्पणी गर्दै उनले त्यसमा आफुहरुलाई दोषि करार गरे मधेशमा आन्दोलनका क्रममा सरकारसँत भएको सहमतीको समेत उल्लंघन हुने बताए ।

धर्मको नाममा द्वन्द नहोस भन्ने उद्देश्यका साथ नै देशमा धर्मनिरपेक्षता कायम भएको वताउँदै श्रेष्ठले प्रतिगामी तत्वहरुले स्वार्थका लागी चलखेल गरी जतिय र धार्मिक द्वन्द सृजना गरिरहेकाले यसलाई रोक्न सबै प्रजातान्त्रिक शक्ति मिलेर अघि बढ्नु आवश्यकता रहेको बताए ।

## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी**


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**सम्पर्क :**
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

# सामाजिक सञ्जालका अन्धभक्तबाट बिथोलिँदो सद्भाव

**राजेन्द्र किराती**

नेपालमा पछिल्लो समय सामाजिक सद्भावमाथि प्रश्न उठ्न थालेको छ । विगत लामो समयदेखि बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक समुदायहरू अन्तर्घुलित भएर बसेका छन् । तर पछिल्लो समय हाम्रो सामाजिक सद्भाव बिग्रिन थालेको आभाष हुन्छ । यसै क्रममा नेपालगञ्जमा हिन्दु र मुस्लिमहरूबीच मुठभेडको अवस्था सिर्जना भएको छ । त्यहाँ निषेधाज्ञासमेत जारी गरियो ।

केही समयअघि धरानमा गोरु काटेर खाँदै गरेको भिडियो सार्वजनिक भएपछि स्थिति निकै तरङ्गित भएको थियो । यसविरुद्ध विभिन्न हिन्दु सनातन धर्मावलम्बीहरूले गम्भीर आपत्ति जनाइसकेको छ । गत भाद्र ९ गते पहिचान पक्षधरहरूले धरानमा कोशी प्रदेश नाम खारेजीका लागि बृहत् विरोध प्रदर्शन र अन्तर्क्रिया गर्ने पूर्वनिर्धारित कार्यक्रम थियो । तर यता गोरु काण्ड सतहमा आइसकेपछि भने हिन्दुवादीहरूले त्यही दिन धरानमा विशाल ऱ्याली र विरोध प्रदर्शनको कार्यक्रम गर्ने निर्णय गरे । तब धरानको स्थिति जटिल मोडमा पुग्यो । यही गाम्भीर्यतालाई मध्यनजर राख्दै सबै राजनीतिक दल र नागरिक समाजहरूले शान्ति र सद्भाव ऱ्यालीहरू आयोजना गरे । देश-विदेश, सरकार र साधरण नागरिक सबैको ध्यान धरानतिर खिचियो । कतिसम्म भने भाद्र ९ गते धरानभरी निषेधाज्ञा नै जारी गर्नुपर्ने दुःखद र बाध्यात्मक अवस्था सिर्जना भयो ।

वस्तुतः पछिल्लो समय हाम्रो समाज अलि बढी अराजक, अलि बढी इमोसनल, अलि बढी साम्प्रादायिक, अलि बढी धार्मिक अनि अलि बढी क्षेत्रीयतावादी हुँदै गएको छ । यस्तो मनोविज्ञानको विकास अंशमा, भावनामा वा कसैलाई सही र स्वादिलो भए पनि समग्र नेपाली समाजको स्वार्थबाट हेर्दा गलत हुन्छ । यसरी शीघ्र तरङ्गित र इमोसनल प्रतिक्रियासँगै सामाजिक सद्भाव नै खलबलिने अवस्थासम्म आइपुग्नुमा कुन कुन पक्ष जिम्मेवार छ भन्ने सन्दर्भमा तल चर्चा गरिएको छ ।

**सञ्जालमा आधारित धारणा**

पछिल्लो समय कुनै पनि वस्तु, सत्ता र व्यक्तिप्रति धारणा बनाउन दस्तावेज अध्ययन गर्नु पर्दैन । भेटेर प्रत्यक्ष दोहोरो कुराकानी गरेर सत्यतथ्य पत्तो लगाउनु पर्दैन । वस्तुगत आधार र प्रमाण पनि जरुरी हुँदैन । विवादित सवालमा दुवै पक्षलाई राखेर छलफलसँगै छानबिन पनि गर्नु पर्दैन । यसका लागि आम सामाजिक सञ्जालमा जे बगिरहेको छ त्यही नै सत्य, यथार्थ र निर्णायक हुन थालेको छ । वस्तुतः सामाजिक सञ्जालमा बग्ने सबै कुरा सत्य नै हुन्छ भन्ने हुँदैन । यसमा आआफ्नो स्वार्थ, चाहना र इच्छाहरू अभिव्यक्त भइरहेको हुन्छ । रिस, राग, ईर्ष्या र अन्तर्विरोधहरू पोखिएको हुन्छ । धेरै जसो कुरा कसैद्वारा निर्देशित, परिचालित र प्रायोजित हुने गर्दछ । तर अधिकांश सञ्जाल प्रयोगकर्तालाई यो सच्चाइको न्यूनतम ज्ञान छैन । सामाजिक सञ्जालमा अभिव्यक्त हुने चोटिलो, घोचिलो, स्वादिलो र पेचिलो उत्तेजना र भावनामा ठूलो हिस्सा तरङ्गित भइरहेको छ । यस्तो रवैयाले कसैलाई क्षणिक रूपमा फाइदै फाइदा र हर्षोल्लास होला तर यसले अन्ततः सही गन्तव्यमा पुऱ्याउँदैन ।

वस्तुतः हाम्रो समाजलाई राजनीतिक-वैचारिक आयामले नेतृत्व गरिरहेको छैन । विचार सिद्धान्तद्वारा निर्देशित समाज भनेको सचेत, स्पष्ट र अटल हुन्छ । भड्काव, वहकाव र मिडिया स्टन्टबाजी सजिलै बुझ्ने हैसियत राख्छ । उनीहरूलाई निश्चित राजनीतिक, वैचारिक स्कुलिङ हुन्छ । विधि र प्रक्रिया थाहा हुन्छ । यसमा कुनै पनि वस्तु वा व्यक्तिलाई द्वन्द्वात्मक नजरबाट हेरिन्छ । आधारभूत आलोचनात्मक चेत राख्ने गरिन्छ । निरपेक्ष निषेध वा विरोध गरिँदैन । शिघ्र भावनामा होइन सोचेर सुझबुझसहित समर्थन, विरोध, क्रिया र प्रतिक्रिया अभिव्यक्त गरिन्छ । तर राजनीतिक-वैचारिकीले नेतृत्व नगरेको समाज तथ्य घटनामा भन्दा पनि सामाजिक सञ्जालजन्य हल्ला र प्रचारबाजीको पछि पछि दौडिरहेको हुन्छ । रूपवादी माहोल, आडम्बर र ढोंग हाबी हुन्छ । यस्तो वस्तुगत धरातलमा समाजको ठूलो हिस्सा बहकिने, बरालिने, भड्किने अनि भावनामा तरङ्गित र उत्तेजित हुने गर्छ । उनीहरूको मनोविज्ञान सुहाउँदो भाष्यहरू सिर्जना गरिन्छ । साथै उत्तेजित विषयवस्तु पस्किने गरिन्छ । तब स्थिति झनै विकराल र अराजक हुँदै जान्छ ।

**वैदेशिक स्वार्थ**

नेपाल पछौटे अर्थराजनीतिक उत्पादन सम्बन्ध भएको मुलुक हो । तर भूमण्डलीकरणसँगै विकास भएको विज्ञान र प्रविधिका कारण आम उपभोगवादी सोच भने विकसित मुलुकहरूको नागरिकको भन्दा अझ बढी देखिन्छ । यस्तो मुलुकमा दलाल पुँजी उत्पादन हाबी हुन्छ । दलाल पुँजीवाद हाबी भएको समाजमा वैदेशिक हस्तक्षेप र षड्यन्त्र अनौठो हुँदैन । त्यसैले नेपालको हरेक मुद्दामा धेरथोर प्रत्यक्ष र परोक्ष हस्तक्षेप गरिरहेकै हुन्छ । हस्तक्षेपको नवऔपनिवेशिक शृङ्खलामा उनीहरू असाध्यै छद्म भेषमा आउने गर्दछ । त्यस कारण आजका कतिपय हस्तक्षेप धेरैले अनुभूति नै गर्न सक्दैन । हाम्रै आन्तरिक झगडा र द्वन्द्व भनेर उनीहरूलाई झन् अनुकूल बनाइदिने गर्दछ । यसमा रूपमा आन्तरिक द्वन्द्व जस्तो देखिए पनि सारमा वैदेशिक रणनीतिक हस्तक्षेप निर्णायक हुने गर्दछ ।

तर वास्तविकता धेरै भिन्न छ । हाल भारतमा भाजपाको सरकार छ । यो हिन्दुवादी सरकार हो । भारतीय हैकम र दादागिरी भोग्ने तपाईं हामी धेरै छौँ । अहिले नै ऊ ज्ञानी भइसक्यो भन्ने बुझाइ गलत हो । यस्तो हेपाह प्रवृत्ति बोकेको ठूलो छिमेकी मुलुकले नेपाल जस्तो सानो र कमजोर स्रोतसाधन भएको मुलुकमा यस्तो बेला कुन कुन कोणबाट पकड जमाउन सकिन्छ भनेर सोच्दैन भन्न सकिन्न । उसले नेपाललाई हिन्दु राज्य बनाउन सबैखाले चलखेल गरिरहेको बुझ्न कठिन छैन । आज धेरैले यसको प्रभाव वा दुष्प्रभावको अनुभूति नै गर्न थालेका छन् । यो क्रम अझ बढ्दै जाने सम्भावना देखिन्छ । उता पश्चिमा शक्ति र भाजपा बीच त्यति राम्रो सम्बन्ध त छैन । तर बढ्दो चिनियाँ प्रभावका कारण पश्चिमाहरूलाई पनि नेपालमा अस्थिर धरातल चाहिएको सत्य हो । यस्तो वस्तुगत धरातलमा उनीहरूलाई पनि जातीय, धार्मिक, साम्प्रादायिक तथा सांस्कृतिक भड्कावजन्य गतिविधि अनुकूल हुने देखिन्छ । किनभने अस्थिरताकै बहानामा साम्राज्यवाद घुस्दै आएको तितो इतिहास जगजाहेर छ ।

**रक्षात्मक राजनीतिक मुद्दा**

वस्तुतः विदेशी शक्तिकेन्द्रहरूलाई हस्तक्षेपका लागि अनुकूल धरातल भनेको आन्तरिक द्वन्द्व नै हो । यसका लागि उनीहरूले राजनीतिक अन्तर्विरोधलाई पहिलो अस्त्र बनाउँदै आएको देखिन्छ । उदाहरणका लागि राजावादी र गणतन्त्रवादी अनि समाजवादी र पुँजीवादी बिचको द्वन्द्वमा आफ्नो स्वार्थ सिद्ध गर्ने । तर पछिल्लो समय सबै राजनीतिक पार्टीहरूले संसदीय चुनावी कार्यदिशा अङ्गीकार गरेपछि भने राजनीतिक झगडाको चखिलो मसला कमजोर भएको छ । कम्युनिस्ट र गैरकम्युनिस्ट भनेर भिडाउने अवस्था छैन । अर्थात् सामान्य अन्तरद्वन्द्व भए पनि राजनीतिक-वैचारिक आधारले वारपारको लडाइँ लडाउने अवस्था छैन । यस्तो बेला द्वन्द्वका अरू विकल्प खोज्ने गरिन्छ । यही मेसोमा उनीहरूले अरू जातीय, धार्मिक तथा साम्प्रादायिक बाहना खोज्न

*बाँकी चार पृष्ठमा*


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था** :

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : छिन्नमस्ता गाउँपालिका, सप्तरी**

# कोशी पीडितहरुले पुनः आन्दोलन चर्काउने

**राजविराज**/नेपाल र भारतका कोशी पीडितहरुले जायज माँग पुरा गराउन आ–आफ्नो भूमीमा आन्दोलन चर्काउने तयारी गरेको छ ।

सप्तरी सदरमुकाम राजविराजमा मंगलबार दुबै देशका कोशी पीडितहरुको बसेको संयुक्त बैठकले आन्दोलन चर्काउने तयारी गरेको जनाइएको छ ।

सप्तरी र सुनसरी बीचको सीमामा पर्ने कोशी ब्यारेज पुल निर्माणका क्रममा भारत सरकारले आसपासका सर्वसाधारणको जग्गा अधिग्रहण गरेको झण्डै ६८ वर्ष बितिसक्दा पनि आफुहरुले सम्झौता अनुसारको मुआब्जा पाउन नसकेको कोशी पीडितको गुनासो छ ।

बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै भारतको जनअधिकार पार्टी बिहारका अध्यक्ष समेत रहेका कोशी पीडित उपेन्द्र सिह कुशवाहले मुआब्जाको समस्या दुबै देशको कोशी पीडितको साझा समस्या रहेकोले आफुहरु सरकारको ध्यानाकर्षण गराउन बिभिन्न दवाबमुलक कार्यक्रम गर्ने तयारी गरेको जानकारी दिए ।

भारतीय कोशी पीडितद्वारा घोषित आन्दोलन कार्यक्रम अनुसार २०८० पौष ९ गते भारतको सहरसास्थित कोशी कमिशनरी कार्यालयमा एक दिने अनशन तथा २०८० माघ १० गते पटनास्थित विधानसभा भवन अगाडीसम्म पैदल मार्च गरी ज्ञापन पत्र बुझाउने कार्यक्रम तय गरिएको छ ।

यस्तै माग १९ गते भारतको राजधानी नयाँ दिल्ली पुगेर संसद भवन अगाडी धर्ना, प्रर्दशन र ज्ञापन पत्र बुझाउने कार्यक्रम तय गरिएको कुशवाहले जानकारी दिए ।

उनले कोशीको कहर नेपालका सप्तरी, सुनसरी र उदयपुर जिल्लाका साथै भारतको पिपरा, खुर्ग, विसनपुर, भटियाही, कुनौली, कमलपुर, डगमारा, दिघिया, वनैनिया, न्योर मझारी तथा वेलासिंगोर लगायतका हजारौ सर्वसाधारणलाई बेघर बनाएको बताए ।

नेपाल तथा भारत दुबै तर्फका सरकारको उदासिनताका कारण आफुहरु मुआब्जाबाट बञ्चित रहेको र दुबै देशका सरकारलाई दवाब बनाउन आवश्यक भएको बैठकको निष्कर्ष रहेको उनले बताए । उनले कोशीको कहरले आफुहरुको क्षेत्रमा समेत खेतबारी, विद्यालय, स्वास्थ्य संस्था, मठमन्दिर, मस्जिद बगाएर उजाड तुल्याउने गरेको तर सरकारको ध्यान पुग्न नसकेको सुनाए ।

सप्तरी, उदयपुर र सुनसरी कोशी डुवान तथा कटान संघर्ष समितीका संयोजक महिदेव प्रसाद चौधरीले दुबै तर्फका कोशी पीडितले आ–आफ्नो भुमिमा जायज माँग पुरा गराउनका लागी आन्दोलन मार्फत आ–आफ्नो सरकारलाई दवाब दिने सहमती भएको बताए ।

उनले नेपाल तथा भारतका कोशी पीडितहरुको जायज माँग पुरा गराउन आफुहरुले आफ्नो सरकारलाई दवाब दिन आन्दोलनको कार्यक्रम तय गरेको जानकारी पनि दिए । उनले केही कारणवश स्थगन गरिएको आन्दोलन फेरी शूरु गर्ने तयारी भईरहेको बताए ।

वि.स. २०११ सालमा नेपाल–भारतबीच भएको कोशी सम्झौता अनुसार योजना अन्तर्गत परेको जग्गाको मुआब्जा तथा क्षती भएको बालीनालीको क्षतिपूर्ती भारत सरकारले दिनु पर्ने उल्लेख छ । तर तीन पुस्ता बितिसक्दा पनि अझै मुआब्जा पाउन नसकेको भन्दै सुनसरी, उदयपुर र सप्तरीका कोशी पीडितहरु संघर्ष समिती नै गठन गरी आन्दोलन गर्दै आएका छन् ।

# पूर्वअर्थमन्त्री विजयकुमार यादवसहित ७ जनाविरुद्ध मुद्दा दायर

**राजविराज**/मधेस प्रदेशका पूर्वअर्थमन्त्री विजयकुमार यादवसहित ७ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको मुद्दा दायर गरेको छ ।

झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको सर्प पाल्ने कार्यक्रममा भ्रष्टाचार गरेको आरोपमा पूर्वअर्थमन्त्री यादव, लालबन्दी नगरपालिकाका प्रमुख मानबहादर खड्का, मधेश प्रदेशको तत्कालीन आर्थिक मामिला सचिव प्रेमकुमार श्रेष्ठ, तत्कालीन झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान, हालको राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठानका अध्यक्ष रेवतीप्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र रायविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको हो ।

विशेष अदालत, काठमाडौंमा आइतबार दायर मुद्दामा उनीहरुबाट १७ करोड ९८ लाख ३३ हजार असुल उपर गर्न र भ्रष्टाचार निवारण ऐनअनुसार कैद र जरिजानाको माग समेत गरिएको छ । यादव तत्कालीन मन्त्री भएकाले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २४ अनुसार थप कैद सजाय समेत मागदाबी गरिएको छ ।

सर्लाहीको लालबन्दी रहेको प्रतिष्ठानसँग मिलेर सर्पको विष संकलन, प्रशोधन र उत्पादन केन्द्र स्थापनाका लागि प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यमा संघीय सरकारबाट समपुरक अनुदानका रुपमा प्राप्त रकमसहित बजेट विनियोजन गरिएको थियो ।

तर आर्थिक मामिलामन्त्री यादव र लालबन्दी नगरपालिकाका प्रमुख मानबहादर खड्काले आफूलाई नभएको अधिकार प्रयोग गरी कानुन विपरित झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग साझेदारी गरेको र बदनीयतपूर्वक १७ करोड ९८ लाख ३३ हजार निकासा गरेको अख्तियारलको ठहर छ ।

# जसपा नेपालको वेबसाइट सार्वजनिक

**राजविराज**/जनता समाजवादी पार्टी नेपालले आफ्नो पार्टीको आधिकारिक वेबसाइट शुक्रबार सार्वजनिक गरेको छ ।

जसपाले www.jspnepal.org लाई पार्टीको आधिकारिक वेबसाइटको रुपमा अघि सारेको छ ।

केन्द्रीय कार्यालय वालकुमारी ललितपुरमा आयोजित एक समारोहमा जसपा नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले क्लिक गरेर वेबसाइटको औपचारिक उद्‌घाटन गरेका हुन् ।

वेबसाइटको सुरुवात गरेसँगै अध्यक्ष यादवले पार्टीको दस्तावेज र अन्य सम्पूर्ण गतिविधिलाई वेबसाइट मार्फत् डिजिटल प्रविधिमा व्यवस्थापन गर्दा पार्टी पंक्तिसँगै जनता मतदातालाई समेत जसपा नेपाल सम्बन्धी सम्पूर्ण जानकारी पाउन सहज र सरल हुने बताए ।

वर्तमान युग सूचना प्रविधिको युग भएकोले पार्टीको सम्पूर्ण दस्तावेजलाई डिजिटल प्रणालीमा रुपान्तरण गर्न आवश्यक रहेको बताए ।

सार्वजनिक गरिएको नयाँ वेबसाइटमा जसपा नेपालको इतिहास, लक्ष्य, उद्देश्यसँगै आधिकारिक दस्तावेज, विभाग तथा जनवर्गिय संगठन, सांगठनिक संरचना लगायत संघ, प्रदेश, जिल्ला र पालिकास्मम पार्टीको महत्वपूर्ण विवरण समावेश गरिएको छ ।

## *सामाजिक सञ्जालका...*

थालेको अनुमान गर्न सकिन्छ ।

**दलीय आग्रह–पूर्वाग्रह**

यसरी समाज बहकिएका बेला दलगत आधारले पनि एउटा दलले पहल लिने र अर्को दललाई खुइल्याउने वा कमजोर पार्ने रणनीति संसदीय राजनीतिको जन्मजात विशेषता नै हो । संसदीय राजनीतिमा समग्र रणनीति नै चुनाव केन्द्रित हुन्छ । यसो भएपछि कसरी अर्को दललाई कमजोर बनाउन सकिन्छ र आफ्नो दलको विजय सुनिश्चित गर्न सकिन्छ भन्ने बाहेक अरू सवाल गौण हुन्छ । यसमा मुद्दाको आधारमा, सही र गलतको आधारमा, अग्रगामी र पश्चगामीको आधारमा अनि बहुसङ्ख्या र अल्पसङ्ख्याको हित र स्वार्थका आधारमा समर्थन र विरोधको राजनीतिक लक्ष्मणरेखा तय गरिएको हुँदैन ।

तब त्यहाँ सही र गलत राजनीतिक विचारबारे बहस छलफल हुँदैन । अर्को दललाई खुइल्याएर आफ्नो पकड बलियो बनाउने भन्ने मात्र हुन्छ । परिणामतः त्यहाँ राजनीतिक पद्धति र संस्कृति गौण हुन्छ । इमान जमान र नैतिकता हुँदैन । सिर्जनशील, रचनात्मक र सकरात्मक सहयोग, सुझाव र परामर्श हुँदैन । सकरात्मक दृष्टिकोण राख्ने संस्कृति नै नामेटको अवस्थामा पुग्छ । जुनसुकै अवस्थामा पनि निरपेक्ष नकरात्मकताले घर गरिरहेको हुन्छ । कतिसम्म भने आफ्नो स्वार्थ सिद्ध हुन्छ भने गलतलाई सही भन्ने, गलत कार्य गर्न उक्साउनेसम्मका निकृष्ट हर्कत सामान्य भइरहेको छ । यो दुःखद विडम्बनाको कुरा हो । त्यसैले पछिल्ला घटनालाई मलजल पुग्नुमा निकृष्ट दलीय स्वार्थ पनि जिम्मेवार रहेको छ ।

**निष्कर्ष**

समाज यसरी तरङ्गित र संवदेनशील हुनुमा मूलतः राजनीतिक वैचारिक नेतृत्व रक्षात्मक हुनु हो । सामाजिक सञ्जालमा अभिव्यक्त चोटिलो, घोचिलो, स्वादिलो र पेचिलो स्ट्याटस र भिडियो क्लिप हेरेकै भरमा बनिबनाउ धारणा बनाउँदै उत्तेजित हुनुको दुष्परिणाम हो । यस अतिरिक्त वैदेशिक शक्तिकेन्द्रहरूले विभिन्न नयाँ उर्वर बाहना खोज्नुको उपज हो । योसँगै राजनीतिक कार्यदिशा लगभग उस्तै भएपछि अस्थिरताको लागि अपनाइएको वैकल्पिक रणनीति हो । यता दलीय आग्रह–पूर्वाग्रह, कुण्ठा, प्रतिशोधलाई पनि नजरअन्दाज गर्न सकिन्न । यस अतिरिक्त प्रचण्ड सरकारले सुशासन स्थापित गर्नका लागि चालेको ऐतिहासिक अभियानलाई बिचैमा तुहाउन यस्ता अनपेक्षित हर्कत बढिरहेको सन्दर्भलाई पनि नजरअन्दाज गर्न सकिन्न ।

त्यसैले राजनीतिक–वैचारिक रूपमा सचेत बनौँ । अराजक, अविवेकी र कसैद्वारा परिचालित नबनौँ । सकरात्मक कामका लागि सरकार र प्रतिपक्ष भनेर तिक्तता नसाँधौं । सामाजिक सञ्जालमा देखेकै भरमा अन्तिम धारणा नबनाऔं । व्यक्ति वा वस्तुप्रति द्वन्द्ववादी भएर आलोचनात्मक चेतसहित चिरफार गर्ने गरौं । हाम्रो आन्तरिक मामलामा विदेशीहरूलाई धेरै स्थान नदिऔं । राम्रो कामको हकमा सरकार र प्रतिपक्ष भनेर दलीय कित्ताकाटसहितको आग्रह–पूर्वाग्रह नराखौं । यो संसारमा अजम्बरी केही र कोही पनि छैन । बहुजातीय, बहुसांस्कृतिक, बहुधार्मिक र बहुपहिचानद्वारा निर्देशित सहिष्णुता र सद्‌भाव बिथोल्ने काम कोहीकतैबाट पनि नगरौं । सबैखाले अराजकताको अन्त्य गरौं । यसैमा नेपाल र नेपालीको कल्याण अन्तर्निहित छ ।

रातोपाटीबाट

# साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोवाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र जुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्षः**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउन्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**

# स्थानीय तहका कर्मचारीहरु आन्दोलित

**राजविराज**/स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतको पद स्थानीय सेवाको नै रहने व्यवस्था लगायतका माग राख्दै स्थानीय तहका कर्मचारीहरु मंगलबारदेखी धर्नामा बसेका छन् ।

स्थानीय तह अन्तरगत सप्तरीका १८ वटै पालिका कर्मचारीहरु आन्दोलित भएका हुन् ।

निजामति परिभाषा भित्र स्थानीय तहका कर्मचारीहरुलाई समेत समेटिनुपर्ने, बिना सहमति ७५३ वटै स्थानीय तहमा चक्रिय प्रणालीमा सरुवा गर्नुपर्ने, समायोजनका कर्मचारीहरुको उचित व्यवस्था गरिनुपर्ने लगायतका माग अघि सार्दै संघर्षमा उत्रनु परेको राजविराज नगरपालिका कर्मचारी इकाई समितिका अध्यक्ष कल्पना देवले जानकारी दिइन् ।

त्यस्तै तीनै तहका कर्मचारीहरुको समान बृद्धि विकासको व्यवस्था, स्थानीय तहमा कार्यरत कर्मचारीहरुको कर्मचारी कल्याण कोष अनिवार्य व्यवस्था, निजामति अस्पतालबाट प्राप्त हुने सेवा सुविधा उपलब्ध गराउनुपर्ने, जुनसुकै तहको विज्ञापनमा उमेर हद नलाग्ने र सेवा अवधी जोड्ने वयवस्था गरिनुपर्ने, स्थानीय सेवाका कर्मचारीहरुलाई ट्रेड युनियनका अधिकार प्रदान गरिनुपर्ने, अस्थायी तथा करार कर्मचारीहरुको उचित व्यवस्था गरिनुपर्ने, अस्थायी तथा करार कर्मचारीहरुको लागि तिनै तहको विज्ञापनमा उमेर हद लागु नर्गे, समपूर्ण स्थायी कर्मचारीलाई पेन्सनको व्यवस्था र विविध सेवालाई प्रशासन सेवामा गाभ्नु पर्ने मागहरु अघि सार्दै संघर्षका कार्यक्रमहरु सार्वजनिक गरिएको छ ।

# अखाद्य बस्तु बिक्रि नगर्न अपिल

**राजविराज**/सप्तरी उद्योग बाणिजय संघले व्यापारीहरुलाई मर्यादित भई उपभोक्ताको हकहितलाई ध्यानमा राखी म्याद गुज्रेका, सडेगलेका सामान तथा अखाद्य बस्तु बिक्रि नगर्न अपिल गरेको छ ।

संघका अध्यक्ष लालुप्रसाद अग्रवालले शुक्रबार एक प्रेस विज्ञप्तिमार्फत सो अपिल गरेका हुन् । जारि विज्ञप्तिमा असोज २४ गते अनुगमनका क्रममा कंचनरुप नगरपालिका अन्तरगत सिमरा बजारमा अनुगमनकर्तामाथी व्यापारीद्वारा गरिएको आक्रमणको घोर भर्त्सना समेत गरिएको छ ।

अनुगमनको औचित्य नबुझि आक्रोसित व्यापारीहरुले अनुगमनकर्तामाथी आक्रमण गरेका जनाउँदै विज्ञप्तिमा व्यापार धरासयी रहेको अवस्थामा दुबै पक्षबाट आक्रोसमा आइहुन गएको अप्रिय घटनाप्रति समय परिस्थितिलाई मध्यनजर गर्दै भविष्यमा सरोकारवाला सम्पूर्ण पक्षबाट कानुनको दायरा भित्र रही व्यवहारिक पक्षको समेत मर्यादा राख्दै काम गर्न विश्वास व्यक्त गरिएको छ ।

सोही विज्ञप्तिमा गैर कानुनी रुपमा भित्रिएका सामानहरु स्वभाविक रुपमा बजारमा पाइरहेकाले यस्ता गतिविधिहरु सीमानाकामै रोकिनु पर्ने संघले ठहर गरेको छ ।


जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ं आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

अनुरोधकर्ता : **अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**



## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

# प्यालेस्टिनीहरूले गाजा छाड्न थाले- इजराइली सेना

**तेल अविव, इजराइल**/इजराइल-हमास द्वन्द्वको पछिल्लो नयाँ अपडेटमा इजराइली प्रतिरक्षा फौज (आईडीएफ) का प्रवक्ता लेफ्टिनेन्ट कर्णेल जोनाथन कनरिकसले गाजा पट्टीका जनताले इजराइली सेनाको चेतावनी सुनिरहेको र सही काम गरिरहेको शनिबार बताउनुभएको छ । उहाँका अनुसार प्यालेस्टिनी नागरिकहरू उल्लेखनीयरूपमा दक्षिणतिर जान थालेका छन् ।

“हामीले प्यालेस्टिनी नागरिकहरू उल्लेखनीयरूमा दक्षिणतिर जान सुरु गरेको देखेका छौँ, हाम्रो चेतावनीलाई सर्वसाधारणले सुनिरहेको देखेका छौँ, उनीहरूले चलाखीपूर्वक काम गरिरहेका छन्, खतरनाक क्षेत्रबाट बाहिर निस्किरहेका छन् र उनीहरूको परिवारका लागि यो सही हो भन्ने बुझेका छन्”, उहाँले भन्नुभयो ।

शुक्रबार इजराइली सेनाले गाजा सहरबाट बाहिर निस्कन सर्वसाधारणलाई आह्वान गरेको थियो । आईडीएफले युद्धमा सर्वसाधारण प्रभावित नहोउन् भन्ने चाहना व्यक्त गरेको थियो । आईडीएफले हमास र उसका सैन्य पूर्वाधारहरूमा हमला गर्न गइरहेको बताएको थियो ।

“हामीले हाम्रो मनसायलाई पहिले नै बतायौँ किनकी यसमा कुनै सैन्य तर्क थिएन तर यद्धबाट सर्वसाधारण प्रभावित हुनु नपरोस् भन्ने हामी चाहन्छौँ”, उहाँले भन्नुभयो, “हामीले युद्धमा सर्वसाधारणलाई त्यहाँ समावेश गरेका छैनौँ र तिनीहरू हाम्रा शत्रु होइनन्, हामी कुनै पनि सर्वसाधारणलाई मार्ने वा घाइते बनाउने प्रयास गरिरहेका छैनौँ, हामी हमास र उसका सैन्य पूर्वाधारहरूसँग लडिरहेका छौँ, जहाँ हामीले गाजा पट्टी र गाजा पट्टीका उत्तरी भागलाई लक्षित गरेका थियौँ ।”

लेफ्टिनेन्ट कर्णेल कनरिकसले उत्तरी गाजाबाट प्यालेस्टिनीहरूलाई बाहिर जानबाट रोक्न हमासले प्रयास गरिरहेको बताउनुभयो । “अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार सन्देश र चेकपोइन्टका माध्यमबाट हमासले प्यालेस्टिनी नागरिकहरूलाई उक्त क्षेत्र खाली गर्नबाट रोक्ने प्रयास गरिरहेको छ, मलाई लाग्छ यो शङ्कास्पद छ ।”

उहाँले आफ्नै सुरक्षाका लागि प्यालेस्टिनीहरूले चाँडोभन्दा चाँडो उक्त क्षेत्र खाली गर्ने आशा व्यक्त गर्नुभयो । एजेन्सी

# हवाई हमलामा हमासको वायु सेना प्रमुख मारिएको इजराइली सेनाको भनाइ

**तेल अविव, इजराइल**/शुक्रबारराति गरिएको हवाई आक्रमणमा हमासको वायु सेना प्रमुख मुराद अबु मुराद मारिएको इजराइली वायु सेनाले बताएको छ । हमासले गाजा पट्टीस्थित उसको हवाई गतिविधि व्यवस्थापन गर्ने मुख्यालयलाई आक्रमणमा निशाना बनाइएको इजराइली वायु सेनाले उल्लेख गरेको छ ।

इजराइली वायु सेनाले मुराद अबु मुराद गत शनिबारको नरसंहारमा आतङ्कवादीहरूलाई निर्देशन दिनका लागि धेरै हदसम्म जिम्मेबार रहेको बताएको छ । “साथै पछिल्लो दिनमा वायु सेनाको लडाकु जेटहरूले हमास आतङ्कवादी सङ्गठनको मुख्यालयमा आक्रमण गरे जहाँबाट उक्त सङ्गठनको हवाई गतिविधि व्यवस्थापन हुन्थ्यो”, सामाजिक सञ्जाल एक्समा एक पोस्ट राख्दै इजराइली वायु सेनाले भनेको छ, “शनिबारको घातक हमलामा आतङ्कवादीहरूलाई निर्देशन दिनेमध्येका एक गाजा सहरमा हवाई सेनाका प्रमुख मुराद अबु मुराद पनि हवाई आक्रमणमा मारिएका छन् ।”

शुक्रबार राति भएको अर्को छुट्टै आक्रमणमा इजराइली वायु सेनाले गत शनिबार हमासले गरेको आक्रमणका क्रममा इजराइलमा घुसपैठ गर्ने हमास कमाण्डो फौजसँग सम्बन्धित दर्जनौँ स्थानमा आक्रमण गरेको बताएको छ ।

हमासल आतङ्कवादी सङ्गठनविरुछ इजराइललाई रक्षा गर्ने क्रममा इजराइली वायु सेना र इजराइली प्रतिरक्षा फौजले आक्रमणलाई जारी राखेको बताइएको छ । एजेन्सी

# गाजामा मृत्यु हुनेको सङ्ख्या बढेर दुई हजार २१५ पुग्यो

**गाजा सहर, प्यालेस्टिनी अधिनस्थ क्षेत्र**/एक साताअघि दक्षिणी इजराइलमा हमासले आक्रमण गरेपछि गाजा सहरमा इजराइली हमलामा मर्नेहरूको सङ्ख्या सात सय २४ बालबालिकासहित कम्तीमा दुई हजार दुई सय १५ पुगेको प्यालेस्टिनी अधिनस्थ क्षेत्रको हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले शनिबार बताएको छ ।

मन्त्रालयले हमलामा मारिनेहरूमा चार सय ५८ महिला रहेको जनाएको छ । हमलामा आठ हजार सात सय १४ जना घाइते भएका छन् । यसअघिको विज्ञप्तिमा मन्त्रालयले पछिल्लो २४ घन्टामा मात्र कम्तीमा तीन सय २४ जना मारिएको जनाएको थियो । एजेन्सी

# युक्रेनद्वारा रुसी जहाजमा आक्रमण

**किएभ**/युक्रेनले प्रयोगात्मक समुद्री ड्रोनको सहायताले रुसी पानीजहाजमाथि आक्रमण गरेको छ । युक्रेनले प्रयोगात्मक सामुद्रिक ड्रोनले कृष्ण सागरमा दुई वटा रुसी जहाजमा आक्रमण गरेको युक्रेनीको सरकारी समाचार एजेन्सीले शुक्रबार जनाएको छ ।

सेभास्टोपोल सहर नजिकै शुक्रबार ‘सी बेबी’ नाम दिइएको ड्रोनले रुसको बुयान मिसाइल जहाजमा प्रहार गरेको रिपोर्टमा उल्लेख गरेको छ । यसैगरी डेर्जाभिन गस्ती जहाजमा बुधबार प्रहार भएको जनाएको छ । युक्रेनी नौसेनाका प्रवक्ता दिमित्रो प्लेटेन्चुकले पाभेल डर्जाभिन जहाजमा शुक्रबार दोस्रो पटक आक्रमण गरेको बताउनु भएको छ । एजेन्सी

# कोशी प्रदेशको मुख्यमन्त्रीमा केदार कार्की नियुक्त

**विराटनगर**/कोशी प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेसका केदार कार्की नियुक्त भएका छन्। ४७ प्रदेशसभा सदस्यको हस्ताक्षर सनाखत गरिएपछि शनिबारै उनी मुख्यमन्त्रीमा नियुक्त भएका हुन्।

कार्कीलाई मुख्यमन्त्री पदमा नयुक्त गर्नुअघि नेकपा (एमाले) का ३९ तथा कांग्रेसका आठ प्रदेशसभा सदस्यको हस्ताक्षर सनाखत गरिएको थियो।

लगत्तै प्रदेश प्रमुख परशुराम खापुङ्गले कार्कीलाई कोशी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त गरेका हुन्। कार्कीलाई नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम मुख्यमन्त्री पदमा नियुक्त गरिएको हो।

यसअघि नेकपा (एमाले) का ३९ तथा कांग्रेसका आठ (मुख्यमन्त्रीमा नियुक्त कार्कीसहित इन्दिरा थापा, शम्शेर राई, लीलाकुमारी राई, गोविन्द गिरी, सुनिताकुमारी गुरुङ, रामकुमार खत्री र मानबहादुर लिम्बू) को प्रदेश प्रमुखको कार्यालयमा सनाखत गरिएको थियो।

मुख्यमन्त्री पदको शपथ भने आइतबार हुने प्रदेश प्रमुखको सचिवालयले जनाएको छ।

# आइडियलको शेयर पूजी पुग्यो ११ करोड ३० लाख



**राजविराज**/आइडियल सहकारी संस्थाको शेयर पुँजी ११ करोड ३० लाख ४ सय रुँपैया पुगेको छ। सहकारीको माध्यमबाट गरिबी निवारण तथा समाज रुपान्तरण गर्ने उद्देश्यले २४ वर्ष अघि स्थापना गरि सेवा प्रारम्भ गरेको थियो।

४२ जना शेयर सदस्यले प्रति व्यक्ति १० हजार रुँपैयाबाट सुरु भएको संस्थामा अहिले ७ हजार ४ सय ४२ पुरुष, ६ हजार ९ सय महिला तथा संस्थागत सदस्य ५६ गरी शेयर सदस्य संख्या १४ हजार ४ सय २५ पुगेको छ।

संस्थाले शनिबार २४औं वार्षिक साधारण सभा तथा २५औं वर्षमा प्रवेश गरेको अवसरमा आयोजित कार्यक्रममा अध्यक्षीय प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष गणेश आशले २०५६ साल १९ साउनमा ४२ जना सदस्यबाट १०/१० हजारका दरले प्राप्त ४ लाख २० हजार पुँजीबाट संचालन गरिएको उक्त संस्थाको हालको शेयर पुँजी मात्र ११ करोड ३० लाख ४ सय रुँपैया पुगेको जानकारी दिए।

संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक दिनेश कुमार साह कसेराका अनुसार २०७९/०८० मा कुल ८५ करोड निक्षेप र १ अर्ब २१ करोडको कारोबार गरेको संस्थाले सो अवधीमा ४ करोड ४७ लाख खुद मुनाफा गरेको छ।

व्यवस्थापक बिनोद कुमार साफिले जिल्लाको पूर्वी भाग र पश्चिमी भागलाई समेत जोड्ने उद्देश्यले डाक्नेश्वरी नगरपालिकाको पातो र हनुमाननगर कंकालिनी नगरपालिकाको हनुमाननगरमा समेत शाखा बिस्तार गरी सेवा प्रदान गर्न थालिएको जानकारी दिँदै संस्थाले दैनिक, मासिक, बालबालिका भविष्य, ज्येष्ठ सदस्य, नारी, कर्मचारी, अवकास, रेमिट, क्रमिक र विशेष गरि १४ किसिमका बचत योजना कार्यान्वयनमा ल्याई सकेको बताए।

सहकारी विभाग, नियमनकारी निकायको नीति, निर्देशन तथा राष्ट्रिय सहकारी बैंक र नेपाल बचत तथा ऋृण केन्द्रिय सहकारी संघको मापदण्ड पुरा गर्दा गत वर्ष मधेश प्रदेशकै उत्कृष्ट सहकारी पुरस्कारबाट सम्मानित भएको संस्थाले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि स्वरोजगारी, सीपमूलक, कौसी खेती, महिला उद्यमशिलता, व्यवसायिक तरकारी खेती, सहकारी शिक्षा, वित्तिय साक्षरता, संचालक क्षमता विकास लगायतका १० वटा तालिम समेत संचालन गर्ने जनाएको छ।

संस्थाका अध्यक्ष गणेश कुमार आशको अध्यक्षतामा आयोजित २४औं साधारण सभामा नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, पूर्व अध्यक्ष विष्णुकुमार मण्डल, शेयर सदस्यहरु मनोहर कुमार पोखरेल, विजयकुमार दास, मालती दास, कमालउद्दिनले शुभकामना ब्यक्त गरेका थिए।


## हार्दिक मंगलमय शुभकामना



२०८० सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

## हार्दिक मंगलमय शुभकामना



२०८० सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

## हार्दिक मंगलमय शुभकामना



२०८० सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*